# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५को नियम ३ बमोजिम शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी भक्तपुरसँग सम्बन्धित सार्वजनिक विवरण

आ.व. २०८१/०८२

२०८२ साउन, भदौ र असोज

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

शैक्षिक गुणस्तर परीक्षण केन्द्र
( Education Review Office- ERO)

सानोठिमी, भक्तपुर

सम्पर्क फोन नं: **०१६६३४३६२**

वेवसाइट:www.ero.gov.np

इमेल ठेगाना:eronasa@gmail.com

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुरको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५को दफा ३ बमोजिम प्रकाशित विवरण

आ.व. २०८२/०८३ (२०८२ साउन देखि २०८२ असोजमसान्त) सम्म

## क. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचयः

विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५) ले शिक्षा सुधारको महत्त्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरेअनुरूप शिक्षा मन्त्रालय अन्तर्गत वि.सं. २०६६ साल कार्तिक १३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो।शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ७ ख. बमोजिम विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कार्यका लागि केन्द्र स्थापना भई २०७३ सालदेखि यस केन्द्रलाई आफ्नो कार्य सञ्चालनका निमित्त कानुनी आधार प्राप्त भएको छ ।ऐनले उल्लेख गरेका कार्यविवरण पूरा गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७४ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालन निर्देशिका जारी ।जसअनुसार केन्द्रले आवधिक रूपमा परीक्षण प्रतिवेदनहरू प्रकाशन गर्ने, मन्त्रालय र मन्त्रालयअन्तर्गतका विषयगत निकायहरूले तयार गर्ने योजना एवम् कार्यक्रममा उक्त नतिजाको प्रयोग गर्ने र विद्यालय स्तरमा व्यवस्थापकीय एवम् शिक्षण सिकाइका अभ्यास सुधारका लागि प्रतिवेदनका सिफारिसलाई अनुसरण गर्ने प्रयास हुँदै आएको छ ।

यस केन्द्र अन्तर्गत योजना, अनुगमन तथा प्रशासन एकाइ, विद्यार्थी उपलब्धि परीक्षण एकाइ, अनुसन्धान तथा विकास एकाइ तथा कार्यसम्पादन परीक्षण एकाइ गरी ४ ओटा इकाइहरु रहेका छन् । केन्द्रको प्रमुखको रूपमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत महानिर्देशक र इकाइहरुमा शिक्षा सेवाका राजपत्राङ्कित द्धितीय श्रेणीका कर्मचारी शाखा प्रमुखका रुपमा कार्यरत रहने व्यवस्था रहेको छ ।केन्द्रअन्तर्गत सञ्चालन गरिने परीक्षणहरुका लागि ७७ ओटै जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाइहरू मार्फत सहयोग, समन्वय र सहजीकरण कार्य भइरहेका छन् ।

## क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको उद्देश्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको देहायबमोजिम उद्देश्यहरू रहेका छन् :

क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गरी गुणस्तर सुधार तथा समता अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने

ख) प्रारम्भिक बाल सिकाइ तथा विकासस्तरको परीक्षण गरी बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रमाणमा आधारित सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने

ग) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह, सेवाग्राही सन्तुष्टि तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने

घ) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने ।

## ख) गत आवको वार्षिक कार्यक्रमको प्रगति

आ.व. २०८०।८१ मा यस केन्द्रबाट सम्पादित कार्यहरुको विववरण देहायबमेजिम छः

1. आ.व. २०८०।८१ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका कार्यका आधारमा सुझाबसहितको वार्षिक प्रतिवेदन माननीय मन्त्रीज्यूसमक्ष हस्तान्तरण गरिएको छ।विद्यालय शिक्षाका विषयमा भएका अनुसन्धानका आधारहरूमा नीति, कार्यक्रम र अभ्यासमा सुधारका लागि यसबाट मदत पुग्नेछ।
2. यसै गरी विगत वर्षहरूमा गरिएका अनुसन्धानका नतिजाको प्रबोधीकरण तथा यसमा आधारित सुधारको बहसका लागि मूलतः प्रारम्भिक वालबिकास तथा सिकाइ सन् २०२३, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२२ कक्षा ५ र सन् २०२३ कक्षा १०, विगत दुइ वर्ष सम्पन्न सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षणका सार तथा सुझाबहरूमा ७ प्रदेशका १० स्थानमा प्रदेश, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहका शिक्षा प्रशासक, प्रधानअध्यापक, शिक्षकलगायत सरोकारवालाहरूसँग छलफल गरिएको छ।
3. परीक्षण, अनुसन्धान र अनुसन्धानका साधन विकासमा सरोकारवालाहरू, सङ्घ संस्थासँग समन्वय, सहकार्य गरिएको छ। अनुसन्धान र परीक्षणको अनुगमन, विगतका कार्यको फलोअप गरिएको छ। केन्द्रमा रहेका विषयगत समितिहरूमा छलफल, स्वतन्त्र विज्ञहरूबाट पुनरवलोकनको व्यवस्था मिलाइएको छ।
4. इलाम, जाजरकोट, जुम्ला, बैतडी र डोटीका ४३० सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण सम्पन्न गरी तथ्याङ्क प्रविष्ट गरिएको छ। लगानी, प्रक्रिया र

नतिजाका ८९ सूचकका आधारमा परीक्षण गरी सुधारको खोजी, सहकार्यात्मक सुधारका कार्य गरिएको छ।

5. सातै प्रदेशका ५० प्रधानाध्यापकहरूको नेतृत्त्व कार्यसम्पादन परीक्षण सम्पन्न गरी तथ्याङ्क प्रविष्टी गरिएको छ। परीक्षण ढाँचा, साधन अद्यावधिक गरी विज्ञ परिचालन गरी सहभागितात्मक रुपमा कार्यसम्पादन गरिएको छ।
6. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कक्षा ८ को मूल परीक्षण गणित र विज्ञान तथा प्रविधि विषयमा ७६ जिल्लाका लक्षित ९०० विद्यालयका प्रअ, शिक्षक र २४३०० लक्षित विद्यार्थीका लागि सञ्चालन गरिएको छ। यस्तै कक्षा ५ को पूर्व परीक्षण १५ जिल्लाका करिब ४३५० जना विद्यार्थीमा सञ्चालन गरिएको छ।यसका लागि परीक्षण ढाँचा विकास, पूर्व परीक्षणका प्रश्न विश्लेषण, प्रश्न निर्माण र अन्तिम रुप दिने, विषय विज्ञ तथा समिति छलफल, छपाइ, अभिमुखीकरण, परीक्षण सञ्चालन, उत्तरपुस्तिका सङ्कलनका कार्यहरू गरिएका छन्।
7. काभ्रेपलान्चोक, बारा, सुर्खेत, बाँके, मोरङ, तनहुँ र नुवाकोट जिल्लाका १/१ पालिकामा विगतमा कार्यसम्पादन परीक्षण भएका सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये ७/७ विद्यालय छनोट गरी स्वमूल्याङ्कन गराई सुधारका लागि भएका प्रयासहरूको समीक्षा गर्न विव्यस पदाधिकारी र प्रअसँगको अन्तरक्रिया गरी ४८ विद्यालयहरुको कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम सम्पन्न गरिएको छ।
8. स्थानीय तहबाट विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणका लागि मार्गदर्शन विकास गरिएको छ। यसबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षासम्बन्धी तोकेका जिम्मेवारी कार्यान्वयनमा सहजीकरण भएको छ।
9. बागमती प्रदेशका १३ जिल्लाका ९० प्रारम्भिक बालविकास केन्द्र, ६९० कक्षा १ मा अध्ययनरत बालबालिकाको प्रारम्भिक सिकाइ र विकासको अध्ययन कार्य सम्पन्न गरी तथ्याङ्क प्रविष्टि भएको छ।
10. केन्द्रबाट गरिएका सिकाइ उपलब्धि अध्ययनका प्राप्ति र सरकारका प्रयासहरू, सिकाइ उपलब्धिमा देखिएका प्रवृत्तिहरू, सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धि, माध्यमिक तह कक्षा ९-१२ को प्राविधिक धारमा बालीविज्ञान विषयको अध्ययन विषयमा मिश्रित र गुणात्मक उन्मुख अनुसन्धानहरू सम्पन्न भएका छन्।

11. पठन र गणितीय सिपको परीक्षणका लागि EGRA, EGMA, CB-EGRA परीक्षणका ढाँचामा सुधार, अपाङ्गता समावेशी मापनका लागि ढाँचा विकास गरी १२ सेट साधनहरूको विकास र विगतमा विकसित सामग्री अद्यावधिक गरिएको छ।
12. सिकाइ आपूरण तथा द्रुत सिकाइ(Recovery and Accerlated Learning, ReAL) योजना कार्यान्वयनका लागि विद्यार्थीको निदानात्मक परीक्षणका लागि कक्षा ३ देखि ८ सम्म नेपाली र गणित विषय, कक्षा ६ देखि ८ सम्म English र विज्ञान तथा प्रविधि विषयमा परीक्षण ढाँचा विकास गरी विषय र कक्षागत २।२ सेटका दरले ३६ सेट प्रश्नावली विकास गरी प्रकाशन गरिएको छ।यसबाट सिकाइमा कमजोर रहेका बालबालिकाको निदानात्मक परीक्षण गरी सिकाइ सुधारका लागि गरिने प्रयासको मापनमा पालिका, विद्यालयहरूलाई मदत पुगेको छ।
13. सात प्रदेशका शिक्षा विकास निर्देशनालयहरूको कार्यसम्पादन परीक्षणका लागि ढाँचा र साधन विकास गरी विज्ञमार्फत परीक्षण सम्पन्न गरी प्रतिवेदन विकास गरिएको छ। संस्थागत विकास र कार्यसम्पादन सुधारका लागि यसबाट नीतिगत र कार्यगत सुधार योजनामा आधार पुग्नेछ।
14. केन्द्रबाट विगतमा सम्पादित अध्ययन कक्षा ३ को सिकाइ उपलब्धि परीक्षणको प्रतिवेदन लेखन, विगतमा सम्पन्न कार्यका प्रतिवेदनहरू छपाइका कार्यहरू भएका छन्।

**ग .शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार ( शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यविवरण)**

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरेको छः

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिबृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाकालागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने ।
२. विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारकानिम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने ।

३. जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनकालागि सहजीकरण गर्ने
४. शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने ।
५. शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने ।
६. शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिकालागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने ।
७. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणकालागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने ।
८. सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानकालागि मानवीय तथा सँस्थागत क्षमता विकास गर्ने गराउने ।
९. सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

**घ. यस केन्द्रमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण**


**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको**

**(विद्यमान दरबन्दी तेरिज)**

| सि.नं. | पदको नाम | श्रेणी/स्तर | सेवा | समूह | उपसमूह | मौजुदा पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प. प्रथम | शिक्षा | शि.प्र. | | १ | |
| २. | निर्देशक | रा.प. द्वितीय | शिक्षा | शि.प्र. | | ३ | |
| ३. | निर्देशक | रा.प. द्वितीय | शिक्षा | प. तथा मु. | शै.प. तथा मु. | 1 | |
| ४. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | | 1 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | शाखा अधिकृत | रा.प. तृतीय | शिक्षा | शि.प्र. | निरीक्षण | ८ | |
| ६. | प्राविधिक अधिकृत | रा.प. तृतीय | शिक्षा | शि.प्र. | अंग्रेजी | 1 | |
| ७. | प्राविधिक अधिकृत | रा.प. तृतीय | शिक्षा | शि.प्र. | नेपाली | 1 | |
| ८. | प्राविधिक अधिकृत | रा.प. तृतीय | शिक्षा | शि.प्र. | गणित | 1 | |
| ९. | प्राविधिक अधिकृत | रा.प. तृतीय | शिक्षा | शि.प्र. | विज्ञान | 1 | |
| १०. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आ.यो.तथा तथ्याङ्क | आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | 1 | |
| ११. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | | | 2 | |
| १२. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | शिक्षा | शि.प्र. | निरीक्षण | 2 | |
| १३. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | - | | 2 | |
| १४. | हलुका सवारी चालक | श्रेणीविहिन | ईन्जनियरिङ | मे.ई. | ज.मे. | 2 | |
| १५. | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | | | 4 | |
| | | | | कुल जम्मा | | 31 | |

माथिको तालिकामा उल्लेखित कर्मचारीहरूको कार्य विवरण तपसिल बमोजिमको शाखागत कार्य विवरणलाई आधार मानी तयार पारिएको छ .




<u>(ङ)शैक्षिक गुणस्तर परीक्षण केन्द्र अन्तर्गतका एकाइ तथा प्रमुखको कार्यविवरण</u>

**महानिर्देशक (रा.प.प्रथम, शिक्षा सेवा, शिक्षा प्रशासन) को कार्यविवरण**

१. केन्द्रको वार्षिक योजना, कार्यक्रम, बजेट तयार गर्ने, गराउने।
२. नियकायगत, विद्यालयगत गुणस्तर परीक्षण तथा विद्यार्थी सिकाइ स्तर मापनसम्बन्धी कार्य योजना तथा रणनीति निर्माण गर्ने, गराउने।
३. निकायगत, विद्यालयगत गुणस्तर परीक्षण तथा विद्यार्थी सिकाइ स्तर मापनका लागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका विकास गर्ने, गराउने।

४. स्वीकृत योजना तथा कार्यविधिअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति संस्थागत क्षमता र पदाधिकारीको सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने, गराउने।
५. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने, गराउने।
६. निकायगत, विद्यालयगत गुणस्तर परीक्षणका लागि साधन, सूचक तथा मापदण्ड विकास गर्ने, गराउने।
७. परीक्षण गरिएका निकाय र विद्यालयहरूको प्रारम्भिक प्रतिवेदन तयार गर्ने, गराउने।
८. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइस्तरको आवधिक रुपमा परीक्षण गर्ने, गराउने।
९. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरू बिच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने।
१०. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने, गराउने।
११. परीक्षणहरूका अन्तिम प्रतिवेदन तयार गर्ने, परीक्षण समितिमा छलफल गराउने र राष्ट्रिय शिक्षा परिषद्मा पेश गरी सार्वजनिक गर्ने।
१२. राष्ट्रिय विद्यार्थीका उपलब्धि परीक्षणका नतिजालाई अन्तर्राष्ट्रिय अभ्यास तथा अवस्थासँग तुलना गर्ने गराउने र उपलब्धि सरोकारवालाहरूलाई जानकारी गराउने।
१३. केन्द्रको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।
१४. विद्यार्थीको सिकाइस्तर परीक्षणसम्बन्धी रणनीति र कार्यनीति, कार्ययोजना निर्माण गर्ने, गराउने।
१५. उपलब्धि परीक्षण र कार्यसम्पादन परीक्षणको विकास र गुणस्तर विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध र सम्पर्क विस्तार गर्ने, गराउने।
१६. परीक्षण समितिको सदस्यका रुपमा विद्यार्थी उपलब्धि तथा कार्यसम्पादन परीक्षण समितिमा पेश गर्ने।
१७. सल्लाहकार समितिको बैठक बोलाउने र समितिका निर्णय तथा सुझावहरू परीक्षण समितिमा पेश गर्ने।
१८. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुखका रुपमा केन्द्रको दैनिक प्रशासन, आर्थिक प्रशासन, खरिद र कर्मचारी प्रशासनसम्बन्धी निर्णय तथा कार्य गर्ने।
१९. तोकिएका अन्य कार्यहरू गर्ने, गराउने।

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका एकाइहरूको कार्य विवरण**

**क) योजना, अनुगमन तथा प्रशासन एकाइ**

१. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको तात्कालीन, मध्यकालीन र दीर्घकादलीन योजना तर्जुमा गर्ने।
२. केन्द्रको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने।
३. कार्यक्रम कार्यान्वयनका लागि केन्द्रीय, प्रदेशस्तरीय र जिल्लास्तरीय निकाय र विद्यालयहरूसँग समन्वय गर्ने।
४. केन्द्रअन्तर्गत सञ्चालित कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।
५. कार्यक्रम कार्यान्वयनको योजना, कार्यक्रम र सूचक विकास गर्ने।
६. केन्द्रको वार्षिक अनुगमन योजना तयार गर्ने र सो योजनाको अनुसरण गर्ने।
७. कार्यसम्पादन परीक्षण तथा उपलब्धि परीक्षणका समष्टिगत अन्तिम प्रतिवेदन (प्राविधिक, अफिसियल तथा सार्वजनिक) तयारी तथा प्रबोधीकरण गर्ने।
८. केन्द्रको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने।
९. केन्द्रद्वारा सम्पादित परीक्षणको समष्टिगत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने, गराउने।
१०. केन्द्रको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।
११. केन्द्रको अनुसन्धान योजना तयार गर्ने र योजनाअनुसार अनुसन्धान कार्य सञ्चालन गर्ने।
१२. केन्द्रको परीक्षणसँग सम्बन्धित लगायत अन्य तथ्याङ्क व्यवस्थित गर्ने।
१३. केन्द्रको वेबसाइट व्यवस्थित गर्ने र नियमित अपडेट गर्ने।
१४. केन्द्रको जनशक्ति विकास योजना तयार गर्ने।
१५. केन्द्रको दैनिक आन्तरिक प्रशासन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने।
१६. शैक्षिक मुद्दामा अध्ययन अनुसन्धानको योजना निर्माण र सञ्चालन गर्ने।
१७. केन्द्रका लागि खरिद योजना निर्माण, खरिद सम्बन्धी कार्य गर्ने र केन्द्रको सम्पतिको सुरक्षा र अभिलेख व्यवस्थापन गर्ने।
**१८.** कार्यसम्पादन स्तर, विद्यार्थी सिकाइ उपलब्धि परीक्षणलगायत अन्य अध्ययन अनुसन्धानसम्बन्धी प्रतिवेदन प्रकाशन र सार्वजनिक गर्ने।

**ख) विद्यार्थी उपलव्धि परीक्षण एकाइ**

१. विद्यार्थी उपलब्धि परीक्षणको मानक, स्तर र प्रक्रियाको विकास गर्ने।
२. विद्यार्थी उपलब्धि परीक्षणका लागि योजना बनाई आवधिक रुपमा परीक्षण सञ्चालन गर्ने।
३. स्तरीकृत परीक्षाका लागि मुख्य विषयमा प्रश्न बैंक स्थापना गर्ने।
४. पठन सीप परीक्षणका लागि मानक, प्रक्रिया र साधन विकास गरी परीक्षण सञ्चालन गर्ने।

५. विद्यार्थी उपलब्धिको लम्बीय अध्ययन सञ्चालन गर्ने।
६. विद्यार्थी परीक्षण तथा मूल्याङ्कन प्रणाली सुधारका लागि सुझाव प्रस्तुत गर्ने।
७. स्तरीकृत प्रश्न लेखनसम्बन्धी शिक्षक क्षमता विकास तालिम र अभिमुखिकरण सञ्चालन गर्ने।
८. विद्यार्थी सिकाइ उपलब्धि परीक्षणसम्बन्धी तालिम गोष्ठी सञ्चालन गर्ने।
९. नेपाली विद्यार्थी उपलब्धि परीक्षणको नतिजालाई अन्तर्राष्ट्रिय नतिजासँग तुलना गर्ने।
१०. उपलब्धि परीक्षणसम्बन्धी प्रतिवेदन तयार र प्रबोधीकरण गरी नीति निर्धारण समितिमा पेश गर्ने।
११. विद्यार्थी उपलब्धि परीक्षणसम्बन्धी कार्यविधि, कार्यढाँचा तथा निर्देशिकाहरू तयार गर्ने।

**ग) कार्य सम्पादन परीक्षण एकाइ**

१. निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षणसम्बन्धी रणनीतिक योजना तर्जुमा गर्ने।
२. कार्यसम्पादन परीक्षणका लागि निर्देशिका, कार्य ढाँचा, स्तर, मानक र प्रक्रिया निर्धारण गर्ने।
३. कार्यसम्पादन परीक्षणको वार्षिक योजना तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।
४. कार्यसम्पादन परीक्षणसम्बन्धी मापदण्ड, सूचक र साधन विकास गर्ने।
५. कार्यसम्पादन परीक्षणमा संलग्न हुने विज्ञहरूको सूची तयार गर्ने।
६. कार्यसम्पादन परीक्षणमा संलग्न हुने विज्ञहरूको क्षमता विकास तालिम, गोष्ठी सञ्चालन गर्ने।
७. कार्यसम्पादन परीक्षणको अभिलेखलाइ व्यवस्थित गर्ने।
८. कार्यसम्पादन परीक्षणका प्रतिवेदन तयार गरी प्रबोधीकरण गर्ने।

**घ) अनुसन्धान तथा विकास एकाइ**

१. शैक्षिक मुद्दामा अध्ययन अनुसन्धानको योजना निर्माण गर्ने।
२. अध्ययन अनुसन्धानका लागि विषय तथा मुद्दाहरूको सम्भावित सूची तयार गर्ने।
३. शैक्षिक मुद्दामा अध्ययन अनुसन्धान सञ्चालन गर्ने, गराउने।
४. अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाको प्रबोधीकरण गर्ने, गराउने।
५. अध्ययन अनुसन्धानकर्ताको सूची अद्यावधिक गर्ने।
६. शैक्षिक मुद्दामा अध्ययन अनुसन्धान गर्ने निकाय वा संघसंस्थासँग सहकार्यको योजना निर्माण गर्ने गराउने।
७. अध्ययन अनुसन्धानसम्बन्धी क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्ने, गराउने।
८. अध्ययन अनुसन्धानका प्रतिवेदन तथा आवश्यक आँकडा व्यवस्थित र सुरक्षित राख्ने, राख्न लगाउने।

**(च) निकायबाट प्रदान गरिने सेवा**

- माथि उल्लेख गरिएको कार्यविवरण अनुसारको सेवा प्रवाह हुने।

**(छ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी**

माथिको कार्यविवरणमा उल्लेख भएबमोजिम कार्यसम्पादन गर्ने गरी हाल शाखागत रुपमा जिम्मेवार अधिकारी

| क्र.सं. | इकाइ | नाम थर | पद |
|---|---|---|---|
| 1. | येजना,अनुगमन तथा प्रशासन इकाइ | प्रमिला बखती | निर्देशक |
| 2. | विद्यार्थी उपलब्धि परीक्षण इकाइ | नारायण प्रसाद झा | निर्देशक |
| 3. | अनुसन्धान तथा विकास इकाइ | युवराज अधिकारी | निर्देशक |
| 4. | कार्यसम्पादन परीक्षण इकाइ | देवीराम आचार्य | निर्देशक |

**(ज) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- नियमानुसार

**(झ) निर्णय गर्ने प्रक्रिया र अधिकारी**,

- निकायमा प्राप्त भएका विषयहरूको टिप्पणी उठान शाखा अधिकृतबाट हुने,
- शाखा अधिकृतबाट उठान भएको टिप्पणी माथि निर्देशक(रा.प.द्वितीय) ले राय दिने,
- आर्थिक प्रशासन शाखा तथा खरिद सम्वन्धि विषयमा खरिद इकाइले राय दिने
- निर्देशकको रायमाथि महानिर्देशक(रा.प. प्रथम)ले अन्तिम निर्णय दिने
- मन्त्रालयस्तरबाट हुने निर्णयहरू महानिर्देशकज्यूबाट अन्तिम स्वीकृतिका लागि सचिवज्यूसमक्ष पेस हुने, सचिवज्यूबाट निर्णय हुने वा मन्त्रीज्यूबाट अन्तिम निर्णय हुने

**(ञ) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको महानिर्देशक ।

**(ट) सूचना अधिकारी र प्रमुखको नाम र पद**

१.सूचना अधिकारी, निर्देशक, श्री, प्रमिला बखती

२. प्रमुख, महानिर्देशक, श्री जयराम अधिकारी

**(ठ.) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,**

1. शिक्षा ऐन, २०२८ (संशोधन सहित)
2. शिक्षा नियमावली २०५९(संशोधन सहित)
3. शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका,२०७४

<u>नीति, कार्यक्रम, दस्तावेज</u>

1. राष्ट्रिय शिक्षा नीति २०७६
2. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम, २०२२-२०३२
3. दिगो विकास लक्ष्य,

**(ड). आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

शैक्षिक गुणस्तर परीक्षण केन्द्र अन्तर्गत कार्यान्वयनमा रहेका कार्यक्रम तथा खर्चको विवरण देहाएबमोजिम रहेको छ ।

| | | | | तेस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|
| निकाय | बजेट उपशिषर्षक नं | बजेटको प्रकार | बार्षिक बजेट | बजेट | खर्च | भौतिकप्रगति % | वित्तीय प्रगति % |
| शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३५००१०११ | पुँजीगत | ५०० | ० | ४९६ | ० | ४३ |
| | | चालु | ३१४०५ | १९५४९० | ११५०० | ८४.३ | ३७.१ |
| | | जम्मा | | | | | |
| विद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तर | ३५००११०१ | पुँजीगत | १००० | ० | ३७५० | ० | ३७.५ |
| | | चालु | ५५००० | | ० | | |
| | | जम्मा | | | | | |
| सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम | ३५०००१०२ | चालु | १००० | १००० | ० | ० | |
| | | | | | | | |

**(ढ) तोकिएबमोजिमका अन्य विवरण**

**(क)** अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका नियमित कार्यहरु

**(ख)** सार्वजनिक निकायको वेबसाइटको विवरण:www.ero.gov.np

**(ग)** सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण : विद्यालय शिक्षा क्षेत्र अयेजना अन्तर्गतका दाताहरुको वजेट सहायता

**(घ)** सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण

**(ङ)** सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः हाल सम्म यस निकायले सूचना वर्गीकरण नगरेको तथा सिकाइ उपलब्धि परीक्षण,कार्यसम्पादन परीक्षण र अनुसन्धानका प्रतिवेदनहरु प्रकाशित रहेका

**(च)** सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवदेन र सोउपर सूचना दिइएको विषयः यस आवश्यक नभएको।

**(छ)** सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः यस केन्द्रको वेभसाइटमा हरेक सूचना नियमित रुपमा प्रकाशन हुने गरेको। साथै आवश्यकता अनुसार राष्ट्रिय स्तरका पत्र पत्रिकामा प्रकाशन गरिएको

सम्पर्क फोन नं: **०१६६३१२८८, ०१६६३६५१८**
वेवसाइट: www.ero.gov.np
इमेल ठेगाना:eronasa@gmail.com

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर